# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३ ) काठमाडौं, माघ २८ गते २०५० साल अतिरिक्ताङ्क ६२ (क)


## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

**नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५०**

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा,

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल कृषि सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "कर्मचारी" भन्नाले नेपाल कृषि सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. सेवाको गठन : ऐनको दफा ३ बमोजिम नेपाल कृषि सेवा गठन गरिएको छ ।

४. सेवामा रहने समूह, श्रेणी र पद : (१) सेवामा कामको प्रकृति सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रको समान प्रकृतिका पदहरू समावेश भएका अनुसूची १ बमोजिमका समूहहरू रहने छन् ।

(२) सेवामा देहायका श्रेणीहरू रहने छन् :

राजपत्रांकित

(क) विशिष्ठ श्रेणी,
(ख) प्रथम श्रेणी,
(ग) द्वितीय श्रेणी,
(घ) तृतीय श्रेणी ।

राजपत्र अनंकित

(क) प्रथम श्रेणी,
(ख) द्वितीय श्रेणी,
(ग) तृतीय श्रेणी
(घ) चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ठ श्रेणीमा श्री ५ को सरकारले तोकेबमोजिम पदहरू रहन सक्नेछन् ।

(४) विभिन्न समूहमा रहने श्रेणीका र श्रेणी बिहीन पदहरू अनुसूची २ बमोजिम हुनेछन् ।

५. रिक्त पदको पूर्तिः (१) सेवाका रिक्त पदहरूको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी बिहीन पदहरू शुरू नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. समूहीकृत हुने: (१) यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल कृषि सेवाको एगृ एक्सटेन्सन समूह, हर्टिकल्चर समूह, फिसरिज समूह, लाइभष्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, एग्रोनोमी समूह, स्वायल साइन्स समूह, भेटेरिनरी समूह र एगृ इन्जिनियरिङ समूहमा समूहीकृत भै कार्यरत रहेका कर्मचारीहरू तत्तत् समूहमा समूहीकृत भएका मानिनेछन् ।

(२) यी नियमहरू प्रारम्भ हुँदाका बखत नेपाल कृषि सेवाका देहायका समूहमा कार्यरत कर्मचारीहरूलाई देहायका समूहमा समूहीकृत गरिएको छः–

(क) प्लान्ट प्याथोलोजी समूह र एन्टोमोलोजी समूहमा कार्यरत कर्मचारीहरूलाई प्लान्ट प्रोटेक्सन समूहमा ।

(ख) एगृ इकोनोमिक्स, मार्केटिङ एण्ड स्टाटिस्टिक्स समूहमा कार्यरत कर्मचारीहरूलाई एगृ इकोनोमिक्स एण्ड मार्केटिङ समूहमा ।

(ग) फूड प्रोसेसिङ एनालिसिस एण्ड न्यूट्रिशन समूहमा कार्यरत कर्मचारीहरूलाई फुड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूहमा ।

७. नियुक्तिको लागि योग्यता: सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका तथा अनुसूची ३ बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरू उम्मेदवार हुन सक्नेछन् ।

८. सरुवाको व्यवस्था: समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद ६ को अधीनमा रही समूह भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

९. शैक्षिक योग्यता सम्बन्धी व्यवस्था: कार्य क्षमताको मूल्यांकनद्वारा बढुवा हुनको निमित्त राजपत्रांकित पदहरूको हकमा नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनंकित पदहरूको हकमा तत्तत् पदहरूमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरू प्रारम्भ हुँदाको बखत सेवा वा समूहमा बहाल रहेका कर्मचारीको हकमा निजलाई त्यस्तो सेवा वा समूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

१०. सेवा वा समूह संचालनसम्बन्धी व्यवस्था: नीतिगत कुराहरूमा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी सेवा वा समूहहरूको संचालन र प्रशासन कृषि मन्त्रालयले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

१२. खारेजी र बचाउः (१) नेपाल कृषि सेवा (गठन) नियम, २०१६ र नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ खारेज गरिएका छन् ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरू बमोजिम भए गरेका काम कारवाहीहरू यी नियमहरू बमोजिम नै भए गरेका मानिनेछन् ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १
(नियम ४ को उपनियम १ सँग सम्बन्धित)
सेवामा रहने समूहहरूको नाम

(क) एग्रि एक्सटेन्सन
(ख) हर्टिकल्चर
(ग) फिसरिज
(घ) लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट
(ङ) एग्रोनोमी
(च) प्लान्ट प्रोटेक्सन
(छ) एग्रि इकोनोमिक्स एण्ड मार्केटिङ
(ज) स्वायल साइन्स
(झ) भेटेरिनरी
(ञ) एग्रि इन्जिनीयरिङ
(ट) फुड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
598

अनुसूची–२
(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)
सेवाको समूहमा रहने पदहरूको नाम

| (क) एग्रु एक्सटेन्सन समूहमा रहने पद | (ख) हर्टिकल्चर समूहमा रहने पद | (ग) फिसरिज समूहमा रहने पद | (घ) लाइभष्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूहमा रहने पद | (ङ) एग्रोनोमी समूहमा रहने पद | (च) प्लान्ट प्रोटेक्सन समूहमा रहने पद |
|---|---|---|---|---|---|
| १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी | १. राजपत्रांकित प्रथम श्रेणी |
| प्रमुख कृषि संचार अधिकृत<br>तालीम केन्द्र प्रमुख,<br>प्रमुख कृषि प्रसार अधिकृत | प्रमुख फलफूल विज्ञ<br>प्रमुख सुन्तला विकास अधिकृत,<br>प्रमुख तरकारी विकास अधिकृत,<br>प्रमुख आलु विकास अधिकृत,<br>प्रमुख टिस्युकल्चर अधिकृत | प्रमुख मत्स्य विकास अधिकृत,<br>वरिष्ठ मत्स्य विकास अधिकृत | प्रमुख पशु विकास अधिकृत,<br>वरिष्ठ पशु विकास अधिकृत | प्रमुख कपास विकास अधिकृत,<br>प्रमुख बीउ विकास अधिकृत,<br>प्रमुख वाली विकास अधिकृत<br>प्रमुख कृषि वनस्पती विकास अधिकृत,<br>वरिष्ठ वाली विकास अधिकृत | प्रमुख वाली संरक्षण अधिकृत,<br>वरिष्ठ वाली संरक्षण अधिकृत,<br>प्रमुख व्यावसायिक किट विकास अधिकृत,<br>प्रमुख पोष्ठ हार्भेष्ट क्षति नियन्त्रक,<br>वरिष्ठ वाली रोग अधिकृत,<br>वरिष्ठ किट अधिकृत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| २. राजपत्रांकित द्वितीय श्रेणी, | २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी | २. राजपत्रांकित द्वितीय श्रेणी |
|---|---|---|---|---|---|
| कृषि संचार अधिकृत,<br>कृषि प्रसार अधिकृत,<br>कृषि प्रसार तालिम अधिकृत | बागवानी विकास तालिम अधिकृत,<br>अलैंची विकास अधिकृत,<br>फलफूल विज्ञ,<br>आलु विकास अधिकृत,<br>सुन्तला विकास अधिकृत,<br>चिया कफी विकास अधिकृत,<br>मसला विकास अधिकृत<br>तरकारी विकास अधिकृत,<br>फार्म प्रबन्धक,<br>टिस्युकल्चर अधिकृत | मत्स्य विकास तालिम अधिकृत,<br>मत्स्य विकास अधिकृत,<br>फार्म प्रवन्धक | पशु विकास तालिम अधिकृत,<br>फार्म प्रवन्धक,<br>पशु विकास अधिकृत | कपास विकास अधिकृत,<br>कृषि वनस्पति अधिकृत<br>बाली विकास अधिकृत,<br>फार्म प्रवन्धक<br>जूट विकास अधिकृत | पेष्टिसाइड रजिष्ट्रार<br>प्लाण्ट क्वारेन्टाइन अधिकृत,<br>पोष्ट हार्भेष्ट क्षति नियन्त्रक,<br>व्यावसायिक किट विकास अधिकृत,<br>बाली संरक्षण अधिकृत,<br>फार्म प्रवन्धक,<br>बाली संरक्षण तालीम अधिकृत<br>च्याउ विकास अधिकृत |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

| ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी | ३. राजपत्रांकित तृतीय श्रेणी |
|---|---|---|---|---|---|
| सहायक कृषि प्रसार अधिकृत,<br>सहायक कृषि संचार अधिकृत,<br>सहायक कृषि प्रसार तालिम अधिकृत,<br>सहायक कृषि अधिकृत | सहायक बागवानी विकास अधिकृत,<br>सहायक बागवानी विकास तालिम अधिकृत,<br>सहायक चिया कफी विकास अधिकृत,<br>सहायक तरकारी विकास अधिकृत,<br>सहायक मसला विकास अधिकृत,<br>सहायक अलैंची विकास अधिकृत,<br>सहायक कफी विकास अधिकृत,<br>सहायक फलफूल अधिकृत,<br>सहायक आलु विकास अधिकृत,<br>सहायक सुन्तला विकास अधिकृत<br>सहायक टिस्यु कल्चर अधिकृत | सहायक मत्स्य विकास तालीम अधिकृत,<br>सहायक मत्स्य विकास अधिकृत | सहायक चरन विकास अधिकृत,<br>सहायक पशु विकास अधिकृत,<br>सहायक पोल्ट्री अधिकृत,<br>सहायक पशु विकास तालीम अधिकृत | सहायक बाली विकास अधिकृत,<br>सहायक कपास विकास अधिकृत,<br>सहायक बीउ विकास अधिकृत,<br>सहायक बाली विज्ञ,<br>सहायक बाली उत्पादन अधिकृत,<br>सहायक कृषि वनस्पती अधिकृत,<br>सहायक बीउ विकास अधिकृत, | सहायक बाली संरक्षण तालिम अधिकृत,<br>सहायक बाली संरक्षण अधिकृत,<br>सहायक व्यावसायिक किट विकास अधिकृत,<br>सहायक पोष्ट हार्भेष्ट क्षति नियन्त्रक<br>सहायक च्याउ विकास अधिकृत,<br>सहायक प्लाण्ट क्वारेन्टाइन अधिकृत |

(ग)

मुद्रण विभाग सिंहदरबार

| (छ) एगृ इकोनोमिक्स एण्ड मार्केटिङ समूहमा रहने पद | (ज) स्वायल साइन्स समूहमा रहने पद | (झ) भेटरिनरी समूहमा रहने पद | (ञ) एगृ इन्जिनियरिङ समूहमा रहने पद | (ट) फूड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूहमा रहने पद |
|---|---|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणी | १. राजपत्राङ्कित प्रथम श्रेणी | १. राजपत्राङ्कित प्रथम श्रेणी | १. राजपत्राङ्कित प्रथम श्रेणी | १. राजपत्राङ्कित प्रथम श्रेणी |
| प्रमुख कृषि अर्थ विज्ञ, प्रमुख कृषि बजार विकास अधिकृत | प्रमुख माटो विज्ञ | प्रमुख पशु चिकित्सक वरिष्ठ बायलोजिकल प्रोडक्शन अधिकृत | प्रमुख कृषि इन्जिनियर | प्रमुख खाद्य गुण नियन्त्रक |
| २. राजपत्राङ्कित द्वितीय श्रेणी | २. राजपत्राङ्कित द्वितीय श्रेणी | २. राजपत्राङ्कित द्वितीय श्रेणी | २. राजपत्राङ्कित द्वितीय श्रेणी | २. राजपत्राङ्कित द्वितीय श्रेणी |
| कृषि बजार विकास अधिकृत, कृषि अर्थ विज्ञ | माटो विकास अधिकृत, भू-संरक्षण अधिकृत | पशु रोग निदान अधिकृत, पशु चिकित्सक | कृषि इन्जिनियर, जल उपयोग अधिकृत | खाद्य प्रविधि प्रसार अधिकृत, खाद्य गुण नियन्त्रक, खाद्य पोषण अधिकृत, खाद्य प्रयोगशाला अधिकृत, खाद्य विश्लेषण अधिकृत, खाद्य अनुसन्धान अधिकृत, फलफूल प्रशोधन अधिकृत, |
| ३. राजपत्राङ्कित तृतीय श्रेणी | ३. राजपत्राङ्कित तृतीय श्रेणी | ३. राजपत्राङ्कित तृतीय श्रेणी | ३. राजपत्राङ्कित तृतीय श्रेणी | ३. राजपत्राङ्कित तृतीय श्रेणी |
| सहायक कृषि अर्थ विज्ञ, सहायक कृषि योजना | सहायक माटो विकास अधिकृत, सहायक माटो सेवा | सहायक पशु रोग निदान अधिकृत, सहायक पशु चिकित्सक | सहायक कृषि इन्जिनियर, सहायक जल उपयोग | सहायक खाद्य प्रविधि प्रसार अधिकृत, सहायक खाद्य गुण नियन्त्रक, सहायक पोषण अधिकृत, |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| अधिकृत, सहायक कृषि बजार विकास अधिकृत | तालिम अधिकृत, सहायक स्वायल कन्जरभेशन अधिकृत | | अधिकृत | | सहायक खाद्य प्रयोगशाला अधिकृत, सहायक खाद्य विश्लेषण अधिकृत, सहायक फलफूल प्रशोधन अधिकृत, सहायक खाद्य अनुसन्धान अधिकृत |
| (क) एग्रृ एक्सटेन्सन समूहमा रहने पद | (ख) हर्टिकल्चर समूहमा रहने पद | (ग) फिसरिज समूहमा रहने पद | (घ) ला., पो. एण्ड डे डे. स. मा रहने पद | (ङ) एग्रोनोमी समूहमा रहने पद | (च) प्लान्ट प्रोटेक्सन समूहमा रहने पद |
| ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी |
| प्राविधिक सहायक | प्राविधिक सहायक | प्राविधिक सहायक | प्राविधिक सहायक | प्राविधिक सहायक | प्राविधिक सहायक |
| ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी |
| नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक |
| ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी |
| क्षेत्र सहायक | क्षेत्र सहायक | क्षेत्र सहायक | क्षेत्र सहायक | क्षेत्र सहायक | क्षेत्र सहायक |
| ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी |
| क्षेत्रचर | क्षेत्रचर | क्षेत्रचर | क्षेत्रचर | क्षेत्रचर | क्षेत्रचर |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
C28

| (छ) एग्रु इकोनोमिक्स एण्ड मार्केटिङ समूहमा रहने पद | (ज) स्वायल साइन्स समूहमा रहने पद | (झ) फ्रेटेरिनरी समूहमा रहने पद | (ञ) एग्रु इन्जिनियरिङ समूहमा रहने पद | (ट) फुड न्युट्रिसन एण्ड क्वालिटी कन्ट्रोल समूहमा रहने पद |
|---|---|---|---|---|
| ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी | ४. राजपत्र अनंकित प्रथम श्रेणी |
| प्राविधिक सहायक | प्राविधिक सहायक | प्राविधिक सहायक | ओभरसियर ड्राफ्टम्यान | प्राविधिक सहायक, खाद्य निरीक्षक |
| ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी | ५. राजपत्र अनंकित द्वितीय श्रेणी |
| नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | नायब प्राविधिक सहायक | सब-ओभरसियर | फिल्ड इन्भेष्टिगेटर नायब प्राविधिक सहायक नायब खाद्य निरीक्षक |
| | ६. राजपत्र अनंकित तृतीय श्रेणी | ६. राजपत्र अनंकित तृतीय श्रेणी | | ६. राजपत्र अनंकित तृतीय श्रेणी |
| | क्षेत्र सहायक | क्षेत्र सहायक | | ल्याब असिस्टेण्ट |
| | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी | | ७. राजपत्र अनंकित चतुर्थ श्रेणी |
| | क्षेत्रचर | क्षेत्रचर | | ल्याब ब्याय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२४

अनुसूची ३
(नियम ७ संग सम्बन्धित)
सेवा प्रवेश गर्नको लागि चाहिने न्यूनतम योग्यता

(क) एग्रि एक्सटेन्सन समूहको लागि:–

| क्र.सं. | पद | न्यूनतम योग्यता |
| --- | --- | --- |
| १. | राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. | राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. | राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण । |
| ४. | राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. (एग्रि.) वा सो सरह उत्तीर्ण वा जे.टी. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. | राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एग्रि.) वा सो सरह उत्तीर्ण । |
| ६. | राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(ख) हर्टिकल्चर समूहको लागि:–

| | | |
| --- | --- | --- |
| १. | राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | महिनाको तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस्सी. (एग्री.) वा सो सरह उत्तीर्ण वा जे.टी. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्री.) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.एस्सी. (एग्री.) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(ग) फिसरिज समूहको लागि–

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई (कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त) वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

626

| | |
|---|---|
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस्सी. (एग्रि.) वा सो सरह उतीर्ण वा जे.टी. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त । |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी (एग्) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम,एस्सी (एग्) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(घ) लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूहको लागि :–

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई (कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त) वा.जे.टी.ए. तालिममा पुरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टि.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजरको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्.) वा सो सरह उत्तीर्ण। |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वि. एस्सी. (एग्) (एनिमल साइन्स वा डेरी साइन्स) वा वि.भि. एस्सी. एण्ड एच. वा सो सरह उत्तीर्ण। |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उप-नियम (२) बमोजिमको अनुभव प्राप्त। |

(ङ) एग्रोनोमी

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई (कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त) वा.जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको। |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टि.ए. तालिममा पूरा अवधि समावेश भएको। |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टि.ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण। |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी. (एग्री.) वा सो सरह उत्तीर्ण वा जे.टि. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त। |
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एग्रि.) वा सो सरह उत्तीर्ण। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.एस्सी. (एग्रि.) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त। |

(च) प्लाण्ट प्रोटेक्सन समूहको लागि

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको। |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको। |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी. ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस. एल. सी. उत्तीर्ण। |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ. एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण वा जे. टी. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त। |
| ५. राजपत्राङ्कित तृतीय श्रेणी पदको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्) प्लाण्ट प्याथोलोजी वा एण्टोमोलोजीमा एम. एस्सी. वा सो सरह उत्तीर्ण। |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (छ) एग्री इकोनोमिक्स एण्ड मार्केटिङ समूहको लागि

| | |
|---|---|
| १. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तीर्ण गरी जे. टि . ए . तालिम प्राप्त वा सम्बन्धित विषय लिई टि: एस . एल . सी . उत्तीर्ण । |
| २. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई . एस्सी . (एग्री) वा सो सरह उत्तीर्ण । |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री मार्केटिङ वा एग्री फाइनान्स विषय लिई बि. एस्सी . एग्री वा सो सरह उत्तीर्ण । |
| ४. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | क्रमसंख्या ३ मा उल्लिखित विषयहरूमध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

## (ज) स्वायल साइन्स समूहको लागि

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तिर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे . टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस.एल.सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे.टी.ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट जे टी ए. (कृषि) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ . एस्सी . (एग्री) वा सो सरह उत्तीर्ण वा जे.टी. (कृषि) तालिम प्राप्त गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ५. राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिमको अनुभव प्राप्त । |

(झ) भेटेरिनरी समूहको लागि–

| | |
|---|---|
| १. राजपत्र अनङ्कित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिनाको तालिम प्राप्त वा जे. टी. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| २. राजपत्र अनङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई एस. एल. सी. उत्तीर्ण वा दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त वा जे. टि. ए. तालिममा पूरा अवधि समावेश भएको । |
| ३. राजपत्र अनङ्कित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तीर्ण भई स्टक सुपरभाइजरको तालिम प्राप्त वा जे. टी. ए. (पशु विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई टी. एस. एल. सी. उत्तीर्ण । |
| ४. राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्री) वा सो सरह उत्तीर्ण । |
| ५. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्री) (एनिमल साइन्स एण्ड डेरी साइन्स) बी. भि. एस्सी. वा जि. भि. एस्सी. एण्ड एच. वा डि. भि. एम. वा सो सरह उत्तीर्ण । |
| ६. राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधि प्राप्त |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[32]

| | |
|---|---|
| | गरी नियमावलीको नियम १५ को उपनियम (२)बमोजिम अनुभव प्राप्त। |

(ञ) एग्रृ इन्जिनियरिङ समूहको लागि

| | |
|---|---|
| १. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सव ओभर सियर तालिम प्राप्त । |
| २. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्गमा प्रमाणपत्र उत्तीर्ण वा सो सरह । |
| ३. राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वी. एस्सी. (एग्रृ इन्जिनियरिङ) वा सो सरह । |
| ४. राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या २ मा उल्लिखित विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(ट) फुड न्युट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूहको लागि

| | |
|---|---|
| १. राजपत्र अनंकित चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई कृषि तालीम केन्द्रबाट एक महिने तालिम प्राप्त । |
| २. राजपत्र अनंकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण भई कृषि तालिम केन्द्रबाट एक महिने तालिम प्राप्त । |
| ३. राजपत्र अनंकित द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. उत्तीर्ण भई जे. टी. ए. तालिम प्राप्त वा सम्बन्धित विषय लिई टि. एस. एल. सी. उत्तीर्ण । |
| ४. राजपत्र अनंकित प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. (एग्रि) वा सो सरह उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ५. | राजपत्रांकित तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट फुड टेक्नोलोजीमा बी. टेक. वा फुड साइन्स वा फुड टेक्नोलोजी वा फुड इन्जिनियरिङ वा फुड माइक्रो वायलोजी वा ह्युम्यान न्यूट्रिसन विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण। |
| ६. | राजपत्रांकित द्वितीय र प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्रमसंख्या ५ मा उल्लिखित विषयमा स्नातकोत्तर उपाधी प्राप्त गरी नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

स्पष्टीकरणः— यस अनुसूचीको प्रयोजनको लागि मान्यता प्राप्त शिक्षण संस्था भन्नाले लोकसेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था संझनु पर्छ ।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार,काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

C 28